श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. २८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### ब्रेटन उड्स सम्झौता ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : ब्रेटन उड्स सम्झौता ऐन, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "ब्रेटन उड्स सम्झौता (दोस्रो संशोधन) ऐन, २०३४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. ब्रेटन उड्स सम्झौता ऐन, २०१८ को दफा २ मा संशोधन : ब्रेटन उड्स सम्झौता ऐन, २०१८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ:–

"(ङ) विशेष रकम झिक्ने अधिकार भन्नाले कोषले अन्तर्राष्ट्रिय तरलताको खाँचो पूर्ति गर्न भागिदारहरूमा बाँडफाँट गरिने कोषमा रहेको विशेष खाताबाट रकम झिक्ने अधिकारलाई जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६१८

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को,–

(१) खण्ड (ग) मा रहेको "कोष सम्झौताको संशोधन" भन्ने शब्दहरूको सट्टा "कोष सम्झौताको पहिलो संशोधन" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः–

"(घ) कोष सम्झौताको दोस्रो संशोधन स्वीकार गर्ने र सो संशोधनमा उल्लेख गरिएको दायित्वहरू स्वीकार गरी मञ्जरीको लिखत दाखिल गर्ने र कोष तथा बैङ्कमा नेपालको कोटा र शेयरमा हुने वृद्धिलाई स्वीकार गर्ने ।"

४. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ मा रहेको "एक, दुई, एघार र तेह्र" भन्ने शब्दहरू झिकिएका छन् ।

५. मूल ऐनको दफा ४क. मा संशोधन : मूल ऐनको दफा ४क. मा रहेको "धारा २५" भन्ने शब्द र अङ्कको सट्टा "धारा १९" भन्ने शब्द र अङ्क र "वास्तविक परिवर्त्य मुद्रा" भन्ने शब्दहरूको सट्टा "स्वतन्त्र रूपले प्रयोग गर्न सकिने मुद्रा" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल ऐनको दफा ४ख. मा संशोधन : मूल ऐनको दफा ४ख. मा रहेको "धारा २५" भन्ने शब्द र अङ्कको सट्टा "धारा १९" भन्ने शब्द र अङ्क राखिएका छन् ।

७. मूल ऐनमा दफा ४ग. थप : मूल ऐनको दफा ४ ख. पछि देहायको दफा ४ ग. थपिएको छः–

"४. ग. स्वतन्त्र रूपले प्रयोग गर्न सकिने मुद्रा प्रदान गर्ने दायित्व : कोष सम्झौता अनुरूप स्वतन्त्र रूपले प्रयोग गर्न सकिने मुद्राको माग भएमा श्री ५ को अर्थ मन्त्रीले श्री ५ को सरकारको तर्फबाट त्यस्ता मुद्राहरू प्रदान गर्न सक्नेछ ।"

८. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ मा रहेको "धारा ३ को दफा ५" भन्ने शब्दहरूको सट्टा "धारा ३ को दफा ४" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उप-दफा (२) मा रहेको "दफा २५ को खण्ड (१०)" भन्ने शब्दहरूको सट्टा "दफा २५ को खण्ड (११)" भन्ने शब्दहरू राखिएका छन् ।

१०. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को उप-दफा (२) पछि देहायको उप-दफा (३) थपिएको छः–

"(३) श्री ५ को सरकारको तर्फबाट विशेष रकम झिक्ने अधिकार प्राप्त गर्ने, प्रयोग गर्ने र हस्तान्तरण गर्नेसम्बन्धी सबै काम तथा कोषसंग गरिने अन्य विनिमय कारोबारहरू नेपाल राष्ट्र बैङ्कले गर्नेछ ।"

११. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को उप-दफा (२) मा रहेको "धारा २७ (बी)" भन्ने शब्दहरूको सट्टा "धारा २१ (बी)" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. मूल ऐनको अनुसूची ३ मा संशोधन : मूल ऐनको अनुसूची ३ को सट्टा यसैसाथ संलग्न अनुसूची ३ राखिएको छ ।

१३. मूल ऐनको अनुसूची ८ मा संशोधन : मूल ऐनको अनुसूची ८ को दफा ८ मा रहेको "अल्टर-नेटहरू" भन्ने शब्दपछि "समितिका सदस्यहरू, सम्झौताको धारा १२ दफा ३(जे) अनुसार नियुक्त भएका प्रतिनिधि र माथि उल्लेख गरिएका कुनै पनि व्यक्तिका सल्लाह-कारहरू" भन्ने शब्दहरू थपिएका छन् ।

१४. मूल ऐनको अनुसूची ११ मा संशोधन : मूल ऐनको अनुसूची ११ को सट्टा यसैसाथ संलग्न अनुसूची ११ राखिएको छ ।

१५. मूल ऐनको अनुसूची १२ मा संशोधन : मूल ऐनको अनुसूची १२ को सट्टा यसै साथ संलग्न अनुसूची १२ राखिएको छ ।

१६. मूल ऐनको अनुसूची १३ मा संशोधन : मूल ऐनको अनुसूची १३ मा "धारा २५" भन्ने शब्द र अङ्क प्रयोग भएका ठाउँहरूमा त्यसको सट्टा "धारा १९" भन्ने शब्द र अङ्क राखिएको छ र सोही अनुसूचीको पहिलो प्रकरणमा रहेको "वास्तविक परिवर्त्य मुद्रा" भन्ने शब्दहरूको सट्टा "स्वतन्त्र रूपले प्रयोग गर्न सकिने मुद्रा" भन्ने शब्दहरू राखिएका छन् ।

१७. मूल ऐनको अनुसूची १४ मा संशोधन : मूल ऐनको अनुसूची १४ मा "धारा २५" भन्ने शब्द र अङ्क प्रयोग भएका ठाउँहरूमा त्यसको सट्टा "धारा १९" भन्ने शब्द र अङ्क राखिएको छ ।

## अनुसूची–३

### अन्तर्राष्ट्रिय द्रव्य कोषको सम्झौताका धाराहरूको धारा ३ को दफा ४

दफा ४– मुद्राको सट्टा ऋणपत्रहरू स्वीकार गर्ने : कोषले कुनै पनि सदस्यबाट कोषको साधारण खातामा रहेको सदस्यको मुद्रामध्ये कोषको कारोबार (ट्रान्जाक्शन) र सञ्चालन (अपरेशन) का लागि नचाहिने भनी निर्णय गरे अनुसारको कुनै पनि अंशको सट्टा सदस्यले वा धारा १३ को दफा २ अन्तर्गत सदस्यले मनोनीत गरेको डिपोजिटरीले जारी गरेको अविनिमेय, निर्ब्याजी र कोषले मागेको बखत मनोनीत डिपोजिटरी कहाँ खोलिएको कोषको खातामा जम्मा गरी अंकित मूल्य (फेस भ्यालू) मा भुक्तानी दिनु पर्ने नोट वा यस्तै अरू ऋणपत्रहरू स्वीकार गर्नेछ । यो दफा कोषले सदस्यहरू-बाट चन्दाको रूपमा प्राप्त गरेको मुद्राको हकमा मात्र लागू हुने नभई कोषलाई अरू प्रकारबाट तिर्नु पर्ने वा कोषले प्राप्त गरी साधारण खातामा रहने जुनसुकै मुद्राको हकमा लागू हुनेछ ।

## अनुसूची–११

### कोष सम्झौताको धारा १५

धारा १५ दफा १. विशेष रकम झिक्ने अधिकारलाई बाँडफाँट गर्ने अधिकार : कायम रहेको संचित सम्पत्तिको पूरकको आवश्यकता भएमा सो पूर्ति गर्न विशेष रकम झिक्ने खातामा भागिदार भएका सदस्यहरूलाई विशेष रकम झिक्ने अधिकारको बाँडफाँट गर्न कोषलाई अधिकार हुनेछ ।

धारा १५ दफा २. विशेष रकम झिक्ने अधिकारको मूल्याङ्कन : विशेष रकम झिक्ने अधिकार-हरूको मूल्याङ्कन गर्ने पद्धति कोषले आफ्नो कुल मतदान शक्तिको ७०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८९५

प्रतिशतको बहुमतले निर्णय गर्नेछ तर मूल्याङ्कन गर्ने प्रचलित पद्धतिमा सैद्धान्तिक वा मौलिक परिवर्तन गर्नु परेमा कोषको आफ्नो कुल मतदान शक्तिको ८५ प्रतिशतको बहुमतको आवश्यकता पर्नेछ ।

कोष सम्झौताको धारा १६ दफा ३

धारा १६ दफा ३. अभिलेखन र सूचना : विशेष रकम झिक्ने अधिकारहरूको (मौज्दात होल्डिङ्गस्) मा हुने सबै हेरफेर कोषले विशेष रकम झिक्ने खातामा अभिलेखन गरेपछि मात्र लागू हुनेछ । भागिदारहरूले विशेष रकम झिक्ने अधिकारहरूको प्रयोग यस सम्झौताको जुन उपबन्धको अन्तर्गत गरिएको हो त्यसको सूचना कोषलाई दिनेछन् । कोषले आफ्नो कामकारवाईको [illegible] आवश्यक सम्झौताको सूचनाहरू भागिदारहरूबाट पेश गराउन सक्नेछ ।

कोष सम्झौताको धारा १७ दफा १

धारा १७ दफा १. भागिदारहरू : आफ्नो कानून अनुसार विशेष रकम झिक्ने खाताको भागिदारको सबै दायित्व वहन गर्ने मञ्जूरीको उल्लेख गरिएको लिखत कोषमा दाखिल गर्ने प्रत्येक सदस्य, लिखित दाखिला गरेको मितिदेखि सो खाताको भागिदार हुनेछ तर विशेष रकम झिक्ने अधिकारसम्बन्धी सबै धाराहरू लागू नभएसम्म र सम्पूर्ण कोटाको कमसेकम ७५ प्रतिशत भएका सदस्यहरूले यस दफाअन्तर्गत लिखित दाखिला नगरेसम्म कुनै सदस्य त्यस्तो भागिदार बन्ने छैन ।

कोष सम्झौताको धारा २२

धारा २२ भागिदारहरूको सामान्य दायित्व : यस सम्झौताका अरू धाराहरू अन्तर्गत विशेष रकम झिक्ने अधिकारको सम्बन्धमा ग्रहण गरिएको दायित्वको अतिरिक्त विशेष रकम झिक्ने अधिकारको प्रभावकारी सञ्चालनलाई सुगम पार्न, यस सम्झौता अनुसार विशेष रकम झिक्ने अधिकारहरूको समुचित प्रयोग गर्न तथा विशेष रकम झिक्ने अधिकारलाई अन्तर्राष्ट्रिय मौद्रिक पद्धतिमा प्रमुख संचित सम्पति बनाउन प्रत्येक भागिदारको कोष र अरू भागिदारहरूसित सहयोग गर्न स्वीकार गर्दछ ।

अनुसूची–१२

कोष सम्झौताको धारा २१ (बी)

धारा २१ (बी) यस सम्झौताको धारा ९ अन्तर्गत प्रदान गरिएको विशेषाधिकार स्थिति र छुटहरूका अतिरिक्त विशेष रकम झिक्ने अधिकारहरूमा वा त्यसको काम कारवाई र व्यवहारमा कुनै कर लगाइने छैन ।

लालमोहर सदर मितिः– २०३४।६।१८।२

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२०